प.लि.नं. ३४०/०५२/०५३

# नेशनल हाईड्रो पावर कम्पनी लि.

# National Hydro Power Company Ltd.

च. नं. १७५-०७८/७९

मिति २०७८/१०/१७

श्री नेपाल स्टक एक्सचेज ली.
सिंहदरबारप्लाजा, काठमाण्डौ ।

बिषय : प्रतिबेदन सहितको बिबरण पठाएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस नेशनल हाइड्रो पावर कम्पनी लि. को आर्थिक बर्ष २०७८/०७९ को दोश्रो त्रैमासिक अबधिको वासलात र नाफा नोक्सान सम्बन्धी प्रतिबेदन मिति २०७८/१०/१६ गते को आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित भएको हुनाले उक्त पत्रिकाको प्रतिलिपी यसै साथ राखि जानकारीको लागि पठाएको ब्यहोरा अनुरोध छ ।

भबदिय,

.......

सन्जीब कुमार लामा
कम्पनी सचिब

P.O. Box No.: 6518, Binayaknagar Marga, New Baneshwor-10, Kathmandu. Nepal. Tel : 01-5172683, 5172685, e-mail: info@nhpc.com

सारम काठारीका अनुसार रेडमी नोट ११ का
रेडमीमा उत्कृष्ट ६.६७ इन्च र ६.४३ इन्चको
क्यामराका साथै फल्यागसिप स्क्रिनमा एफएचडी प्लस

आर्थिक अभियान - २०७८।१०।१६

# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Co. Ltd.

बिनायकनगर-१०, नयाँ बानेश्वर, काठमाडौं

## UNAUDITED BALANCE SHEET (Quaterly)

As on 30th Poush, 2078

| Particulars | This Quarter ending as on 30th Poush, 2078 | Previous Quarter ending as on 31st Ashoj, 2078 | Corresponding Previous Quarter ending as on 29th Poush, 2077 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non- Current Assets:** | | | |
| **Property, Plant and Equipment** | | | |
| Gross Block | 1,905,736,557 | 1,905,208,192 | 1,865,474,723 |
| Less: Accumulated Depreciation | 961,561,257 | 948,304,600 | 909,680,673 |
| **Net Block** | **944,175,300** | **956,903,592** | **955,794,050** |
| **Project Work In Progress** | | | |
| Lower Indrawati 4.5 MW | 9,265,693 | - | - |
| Investments | 449,925,100 | 449,925,100 | 99,925,100 |
| **Current Assets:** | | | |
| Advances & Receivables | 415,807,480 | 408,294,897 | 82,018,680 |
| Sundry Debtors | 15,109,590 | 13,804,622 | 33,949,164 |
| Cash & Cash Equivalent | 735,102 | 6,339,352 | 2,581,077 |
| | **1,835,018,265** | **1,835,267,564** | **1,174,268,071** |
| **EQUITY AND LIABLITIES** | | | |
| **Shareholders' Funds** | | | |
| Equity Share Capital | 1,385,911,200 | 1,385,911,200 | 1,385,911,200 |
| Reserve and Surplus | 260,869,694 | 252,320,437 | (324,765,732) |
| **Non-Current Liabilities** | | | |
| Loans | 158,379,932 | 155,365,361 | 55,606,857 |
| **Current Liabilities** | | | |
| Short term Borrowings | 10,442,834 | 23,705,476 | - |
| Sundry Creditors & Other Payables | 14,107,852 | 11,224,507 | 33,351,992 |
| Provisions | 5,306,753 | 6,740,582 | 24,163,754 |
| | **1,835,018,265** | **1,835,267,564** | **1,174,268,071** |

## UNAUDITED INCOME STATEMENT (Quaterly)

For the period from 1st Kartik 2078 to 30th Poush, 2078

| Particulars | This Quarter FY 2078-79 | Previous Quarter FY 2078-79 | Corresponding Quarter FY 2077-78 |
|---|---|---|---|
| Revenue | 55,513,743 | 33,665,520 | 54,505,049 |
| Less: Direct Expenses | 19,808,187 | 18,099,699 | 17,012,122 |
| **Gross Profit** | **35,705,556** | **15,565,821** | **37,492,927** |
| Administrative Expenses | 5,198,924 | 10,207,656 | 5,436,615 |
| **Profit from Operation** | **30,506,632** | **5,358,165** | **32,056,312** |
| **Less:** | | | |
| Financial Expenses | 6,134,547 | 1,740,248 | 1,444,219 |
| Depreciation | 13,256,657 | 13,332,440 | 13,114,822 |
| **Add:** | | | |
| Other Income | - | - | 1,788,760 |
| **Profit Before Tax** | **11,115,428** | **(9,714,522)** | **19,286,032** |
| Provision Write Back | | 617,247,430 | |
| Provision for Tax | 2,566,171 | - | 5,087,960 |
| Provision For CSR | - | - | 141,981 |
| **Net Profit after Tax** | **8,549,257** | **607,532,908** | **14,056,092** |
| **Balance transferred to Balance Sheet** | **8,549,257** | **607,532,908** | **14,056,092** |

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.
2) The figures for previous quarter have been restated , regrouped whereever necessary which might vary from previous quarter published figure.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित

अनुसूची १४

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.
2) The figures for previous quarter have been restated , regrouped whereever necessary which might vary from previous quarter published figure.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित

अनुसूची १४

## आ.व. २०७८/०७९ दोश्रो (पौष मसान्त) त्रैमासिक अवधिको विवरण

### १. वित्तीय विवरण:

(क) आ.व. २०७८/०७९ को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सानसम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरू :

प्रति शेयर आम्दानी रु.४२.३७ (वार्षिकीकरण) प्रति शेयर नेटवर्थ रु.११८.८२

प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.१३२.४१ मूल्य आम्दानी अनुपात (PE Ratio):- ९.४७

### २. व्यस्थापकीय विश्लेशण :

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालको घटनाहरू:

(क) तल्लो इन्द्रावतिको अध्ययन तथा सुरुङ्ग पुनः निर्माण

तल्लो इन्द्रावती जलविद्युत आयोजना (४.५ मेगावाट) को सर्वेक्षण अनुमतिपत्र प्राप्त भए पश्चात सो आयोजनाको प्राविधिक तथा वातावरणीय अध्ययनको लागि परामर्शदाता नियुक्त भइ स्थलगत सर्वेको काम सम्पन्न भइसकेको छ । तल्लो इन्द्रावती जलविद्युत आयोजनाको भत्किएका सुरुङ्ग तथा अन्य संरचनाहरूको पुनः निर्माण कार्य ठेकेदारहरू परिचालन गरी चालु गरिएको छ ।

(ख) दैवी प्रकोप (कावु बाहिर) को असर

गत आषाढ तथा श्रावण महिनाहरूमा मेलम्ची तथा इन्द्रावति नदीहरूमा आएको बाढी पहिराको कारणले इन्द्रावति ३ जल विद्युत आयोजनाका संरचनाहरूमा भएको क्षति वापत करिब १२ करोड रुपैयाँको बीमा दावी गरिएको छ । यो दावी भएको बीमा रकमलाई समिक्षा अवधिको आम्दानीमा बाँधिएको छैन । मर्मत कार्य सम्पन्न भई भाद्र १६, २०७८ देखि विद्युत उत्पादन सुचारु रहको छ ।

(ग) सुनकोशी हाइड्रोपावर कं. लि.को प्राप्ति

नेशनल हाइड्रो पावर कम्पनी लि.को गत वर्ष सम्पन्न साधारणसभाको निर्णय अनुसार सुनकोशी हाइड्रो पावर कम्पनी लि.लाई प्राप्त/ग्रहण गर्नको लागि दुवै कम्पनीको प्रतिनिधित्व हुनेगरी ३ सदस्यीय प्राप्त/ग्रहण समिति गठन भई काम अगाडी बढाइएको छ ।

(घ) साधारण शेयर बापत भुक्तानी प्राप्त नभएको (calls in arrears) रकमको व्यवस्थापन गर्ने

कम्पनीको शेयर सूचीकृत गर्दाको बखत देखिकै कम्पनीको हिसाब तथा शेयर रजिष्ट्रार (RTS) को अभिलेखको विश्लेषण गर्दा कम्पनीको रु.१००।- प्रति कित्ताको २२,४७० कित्ता साधारण शेयर बापत जम्मा रु.७,२५,०००।- को आंशिक भुक्तानी मात्र प्राप्त भएको देखिएकोले कम्पनीको हिसाबमा रु.१५,२२,०००।- भुक्तानी प्राप्त नभएको (calls in arrears) देखिँदै आएको छ । सो calls in arrears को हिसाब मिलान गर्नको लागि उक्त २२,४७० कित्ता शेयरको व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण :

(क) यस कम्पनीले उच्च अदालत पाटनमा जितेका मुद्दाहरू उपर विपक्षीले सर्वोच्चमा पुनरावेदन दर्ता गरी मुद्दा चलिरहेको छ ।

(ख) यस कम्पनीले काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको मुद्दा मात्र विचाराधिन अवस्थामा रहेको छ ।

### ४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण:

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु.४८४.०० | कुल कारोबार दिन | ५९ |
| न्यूनतम मूल्य | रु.३१३.५० | कुल कारोबार संख्या | ६७,४५९ |
| पौष मसान्तको अन्तिम मूल्य | रु.४०१.०० | कुल कारोबार शेयर संख्या | १,७२,१९,५२४ |

### ५. समस्या, चुनौतिहरु तथा रणनीतिहरु:

यस कम्पनीको लगानी रहेको लोअर इर्खुवा हाइड्रो पावर कम्पनी प्रा.लि. १४.१५ मेगावाट, (भोजपुर) आयोजनामा बंकर लगायतको निर्माण कार्य सम्पन्न भई नेपाली सेना आयोजना स्थलमा गई सकेको हुनाले विष्फोटक पदार्थ आयोजना स्थलमा पुऱ्याई, करिब १२०० मिटर सुरुङ्ग उत्खनन् भई सकेको छ । त्यसै गरी अन्य सिभिल संरचना निर्माणको काम शुरु भइसकेको छ । विद्युतीय मेशिन तथा उपकरणहरूको टेन्डर सम्पन्न भई ठेक्का सम्झौता सम्पन्न भइसकेको जानकारी गराउँछौं । यस आयोजनाको वित्तीय व्यवस्थापनको लागि मिति २०७७/१०/२१ मा माछापुच्छ्रे बैंक लि.को अगुवाईमा नेपाल एस.बि.आई. बैंक लि. र ज्योति विकास बैंक लि.सँग ऋण सम्झौता गरिएको र सो सम्झौता अनुसार ऋण प्रवाह समेत हुन थालिसकेको जानकारी गराउन चाहन्छौं ।

### ६. संस्थागत सुशासन:

संस्थागत सुशासनलाई सदैब उच्च प्राथमिकतामा राख्दै आएको र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ, साथै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

### ७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषणा:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्ने आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।